# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२९ वैशाख, २०८३

### नेपाल सरकारले प्राथमिकता दिनुपर्ने मानव अधिकारका विषयहरु सरकार समक्ष पेश

नेपालको संविधान, अन्य प्रचलित कानून र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि महासन्धिले सुनिश्चत गरेका मानव अधिकार सम्बन्धी दायित्वको कार्यान्वयनमा वर्तमान सरकारले दिनुपर्ने प्राथमिकताका विषयहरू र सो को लागि गरिनुपर्ने कार्यहरू समेत उल्लेख गरी आयोगले नेपाल सरकारलाई पत्राचार गरेको छ ।

वैशाख २५, २०८३ मा प्रेषित पत्रमा मौलिक हकको कार्यान्वयन, कानूनी सुधार, संक्रमणकालीन न्याय, मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, विकास र मानव अधिकार, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रबाट प्राप्त सुझाव र राष्ट्रिय मानव अधिकार आयोगको सुदृढीकरण, निर्वाचन र मानव अधिकार एवम् सार्वजनिक सेवाप्रवाह र मानव अधिकारका क्षेत्रमा गरिनुपर्ने समग्र कार्यको बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ । आयोगले प्रेषित गरेका विषयहरूलाई नेपाल सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्ने अपेक्षा आयोगले लिएको छ ।

आयोगले प्रेषित गरेका मानव अधिकारका विषयहरू यसैसाथ संलग्न गरिएको छ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

# राष्ट्रिय मानव अधिकार आयोग

## नेपाल सरकारले प्राथमिकतामा राख्नुपर्ने मानव अधिकारका विषयहरूका सम्बन्धमा २०८३ वैशाख २५ गते सरकारसमक्ष प्रेषित बुँदाहरू

### १ मौलिक हक सम्बन्धमा

- नेपालको संविधानको धारा १८ मा उल्लिखित दलित, मधेशी, उत्पीडित वर्ग, आदिवासी जनजाति, थारू, मुस्लिम, पिछडा वर्ग अल्पसङ्ख्यक, सीमान्तीकृत, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, आर्थिक रुपले विपन्न, उत्पीडित जस्ता शब्दहरूको प्रष्ट कानूनी परिभाषा गर्न,
- अनलाइन सञ्चारमाध्यमहरुको प्रभावकारी नियमन गर्ने प्रबन्ध गर्न एवम् गलत सूचना (Misinformation), भ्रमपूर्ण सूचना (Disinformation) र मिथ्या समाचार (Fake News) का कारण पर्न सक्ने नकारात्मक असर निवारण गर्ने र अभिव्यक्ति स्वतन्त्रतामा असर नपर्ने किसिमले कानूनी प्रबन्ध गर्न,
- सामाजिक सञ्जालहरुको दर्ता, अभिलेखीकरण र प्रभावकारी नियमनका लागि आवश्यक कानूनी प्रबन्ध गर्न,
- संविधानको भावना अनुकूल निःशुल्क शिक्षाका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध गर्न।
- संविधानको भावनाबमोजिम आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने हकको प्रत्याभूत हुनेगरी कानूनी प्रबन्ध गर्न,
- शिक्षण संस्थाहरुलाई पर्याप्त स्रोत-साधन र दक्ष शिक्षकको व्यवस्थापन सहित सामुदायिक तथा निजि क्षेत्रका शैक्षिक संस्थाहरु बिचमा समान शैक्षिक गुणस्तर हुने व्यवस्था गर्न गराउन,
- संविधानको धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांशको कार्यान्वयनको लागि हालसम्म विशिष्टिकृत कानून नभएकोले आवश्यक सङ्घीय कानून जारी गर्न गराउन,

| |
|---|
| उपधारा (३) मा राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न छैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । |

- संविधानको धारा ४०(६) बमोजिम आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्ने मौलिक हकको कार्यान्वयन सुनिश्चित गर्न गराउन,
- संविधानको धारा ३३ ले प्रत्याभूत गरेको रोजगारीको हकको कार्यान्वयन गर्न बनेको रोजगारीको हकसम्बन्धी ऐन, २०७५ मा आवश्यक संशोधन गरी नागरिकलाई रोजगारी सुनिश्चित गर्न,

- संविधानको धारा ३५(१) मा उल्लिखित कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने भन्ने विषयको व्यवहारिक रूपमा प्रत्याभूति गर्न गराउन,
- यसैगरी धारा ३५(२) मा उल्लिखित आफ्नो स्वास्थ्य उपचारको विषयमा जानकारी पाउने हक, धारा ३५(३) मा उल्लिखित स्वास्थ्य सेवामा समान पहुँचको हकको व्यवहारिक रूपमा सुनिश्चित गर्न गराउन र धारा ३५(४) मा उल्लिखित स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हकको कार्यान्वयनका लागि आवश्यक कानूनी प्रबन्ध गर्न गराउन ।

### २ कानूनी सूधार

#### क. मौलिक हक कार्यान्वयन सम्बन्धी ऐन

- नेपालको संविधानको धारा २९(३) ले मानव बेचबिखन, दास वा बाँधा बनाउन र कसैलाई पनि निजको ईच्छा विरुद्ध काममा लगाएमा पीडकबाट कानून बमोजिम क्षतिपूर्ति भराउने व्यवस्था बमोजिम विद्यमान मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ र श्रम ऐन २०७५ मा संशोधन गर्न,
- संविधानको धारा ३९(१०) ले कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाइएका बालबालिका, बालविवाह, गैर कानूनी ओसारपसार र अपहरण वा बन्धकमा राखिएका बालबालिका, सेना, प्रहरी, वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारिरीक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषणमा परेका बालबालिका र शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना पाएका बालबालिकाले क्षतिपूर्ति सुनिश्चितताको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को परिमार्जन गर्न,
- धारा ४० को उपदफा (१), (२), (३), (५) र (६) बमोजिमका व्यवस्था कार्यान्वयन गर्न दलित अधिकार सम्बन्धी एकीकृत ऐन जारी गर्न,
- धारा ४२(४) बमोजिम किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रुपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक प्रदान गर्न किसानको अधिकार सम्बन्धी एकीकृत ऐन जारी गर्न,
- संविधानको धारा ४३ ले परिकल्पना गरेको सामाजिक सुरक्षा अन्तर्गत नागरिकको जीवनलाई मर्यादित र सुरक्षित बनाउन आर्थिक, स्वास्थ्य, शिक्षा, रोजगारी, र सामाजिक संरक्षण समेतका विषय पर्ने भएपनि विद्यमान सामाजिक सुरक्षा ऐनले आर्थिक सुरक्षाको पक्षलाई मात्र सीमित गरेको हुँदा विद्यमान सामाजिक सुरक्षा ऐनलाई समयानुकूल सुधार गर्न।

# राष्ट्रिय मानव अधिकार आयोग

## नेपाल सरकारले प्राथमिकतामा राख्नुपर्ने मानव अधिकारका विषयहरूका सम्बन्धमा २०८३ वैशाख २५ गते सरकारसमक्ष प्रेषित बुँदाहरू

### ख. वेपत्ता पारिएका व्यक्ति छानिबन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१

#### १. संशोधित ऐन बमोजिमका प्रत्यायोजित विधायन संशोधन

वेपत्ता पारिएका व्यक्ति छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को तेश्रो संशोधन बमोजिम दुवै आयोगका नियमावली संशोधन हुन नसकेको हुँदा सो सम्बन्धी नियमावली संशोधन गर्न ।

#### २. पालेर्मो प्रोटोकल अनुकुल कानून संशोधन गर्न

मानव बेचविखन विशेषगरी महिला र बालबालिकाको बेचविखनलाई रोक्ने, दवाउने र सजाय गर्न परिपूरक पालेर्मो ( आलेख,२००० को नेपालले सन्  २०२० मा अनुमोदन गरेको तर अनुमोदन पछि सो आलेख बमोजिम घरेलुकरण गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व अनुसार विद्यमान नेपाल कानूनहरू अध्यागमन सम्बन्धी ऐन २०४९, पारस्परिक कानूनी सहायता ऐन २०७०, बालश्रम  निषेध र नियमित)गर्न सम्बन्धी ऐन (२०५६, मानव वेचविखन तथा ओसारपसार ऐन (नियन्त्रण)२०६४, राहदानी सम्बन्धी ऐन २०७६, वैदेशिक रोजगार ऐन २०६४, सुपुर्दगी ऐन २०७०, श्रम ऐन २०७४, कसूरजन्य सम्पत्ति तथा साधन  (नियन्त्रण र जफत ,रोक्का) समेतका ऐनहरूलाई प्रोटोकल बमोजिम २ण्ठण,र सङ्गठित अपराध निवारण ऐन द्दण्ठण ऐनसंशोधन गर्न ।

#### ३. संयुक्त राष्ट्रसङ्घीय सुझाव तथा सिफारिस

- मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षा (UPR) को चौथो चरणमा मानव अधिकार परिषदबाट नेपाललाई मुख्य रुपमा वेपत्ता  पारिएका व्यक्ति, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र  मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १० अन्तर्गत यातना सम्बन्धी व्यवस्था, परिच्छेद १८ को जबर्जस्ति करणी सम्बन्धी मुद्दाको हदम्याद सम्बन्धी व्यवस्था, विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ ले अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्नसक्ने भएकोले सो व्यवस्थालाई सुधार गर्न लगायतका सिफारिस बमोजिम कानूनमा संशोधन गर्न ।
- नयाँ कानूनको तर्जुमा तथा प्रचलित नेपाल कानूनको संसोधन गर्दा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रले दिएका सुझावको कार्यान्वयन गर्दै अन्तराष्ट्रिय मापदण्ड अनुकुल हुनेगरी कानूनको तर्जुमा तथा संशोधन गर्न गराउन ।

### ३ सङ्क्रमणकालीन न्याय

#### क. सङ्क्रमणकालीन न्यायिक संयन्त्र माथिको अविश्वास

- वेपता पारिएका व्यक्ति छानबिन आयोग एवम् सत्य निरूपण तथा मेलमिलाप आयोग (सङ्क्रमणकालीन न्यायिक संयन्त्र) र पीडितहरूसँगको परामर्श र सहमतिमा सङ्क्रमणकालीन न्यायिक प्रकृयालाई पीडितमैत्री बनाई हरेक चरणमा पीडितहरूलाई संलग्न गर्न, गराउने वातावरण मिलाउन,
- नेपालमा हालसम्म सङ्क्रमणकालीन न्यायिक प्रकृयाले फौजदारी न्यायिक (Criminal judicial approach) एवम् न्यायिक दृष्टिकोण (Judicial approach) ले बढी प्राथमिकता पाएको तर यो प्रकृयामा गैर न्यायिक दृष्टिकोण (Non-judicial approach) पनि त्यति कै आवश्यक हुन्छ भन्ने विषय स्पष्ट हुन नसकेको अवस्था छ। त्यसैले यस प्रकृयालाई निष्कर्षमा पुर्याउन न्यायिक र गैर न्यायिक दुवै प्रकृया अवलम्वन गर्न गरी सो सम्बन्धि कार्यविधि र मापदण्ड तयार गरी कार्यान्वयन गर्न।

#### ख. समग्रतामा मापदण्डको प्रयोग

- सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्याउन वेपता पारिएका व्यक्ति छानबिन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई मात्र एकल रूपमा बुझिने गरेको तर यस प्रकृयामा नेपालको संविधानको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, सर्वोच्च अदालतबाट जारी महत्त्वपूर्ण नजीर एवम् सिद्धान्त र विशेषत: संयुक्त राष्ट्रसङ्घीय मापदण्डलाई पनि साथै राखी निष्कर्षमा पुर्याउने व्यवस्था मिलाउन।

#### ग. प्रभावकारी कार्ययोजना

- सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्याउन आवश्यक नियमावली लगायताका कार्यविधि तत्काल जारी गर्न गराउन ।

#### घ. पीडितको पहुँच

- सङ्क्रमणकालीन न्यायिक प्रकृयामा पीडितको सहज पहुँच स्थापना गर्न उजूरी, घटनास्थल वा पीडित सङ्ख्याको आधारमा मुकाम स्थापना गरी आयोग सम्म पीडितको पहुँच स्थापना गर्न व्यवस्था मिलाउन,
- यौनहिंसा पीडितहरूको आयोग सम्मको सबै किसिमको पहुँच सुनिश्चित गर्न,
- पीडितका उजूरीमा भएको कार्य प्रगतिको बारेमा आवधिक रुपमा सूचना पाउने प्रणालीको विकास गरी कार्यान्वयन गर्न गराउन ।

**ङ. समन्वय र सहकार्यको**

- समन्वय र सहकार्यको लागि स्पष्ट ढाँचा तयार गरी अघि बढ्ने कार्यमा सहयोग गर्न ।

**च. सत्य, न्याय र परिपूरण**

- सङ्क्रमणकालीन न्यायका आधारस्तम्भ सत्य, न्याय र परिपूरणबीच सन्तुलन कायम गर्न निम्न कार्य गर्न गराउन,
- सङ्क्रमणकालीन न्यायिक प्रक्रियाका चरणहरूमा पीडितको सक्रिय सहभागिता सुनिश्चित गर्दै राजनीतिक सौदाबाजिबाट बाहिर राख्न,
- मानव अधिकारको गम्भीर उल्लङ्घनका दोषीलाई बिना शर्त कारवाहीको सुनिश्चित गर्न ।
- शिक्षा, स्वास्थ, मनोसामाजिक परामर्श, पीडित तथा पीडित परिवारको जीविकोपार्जन, पीडितसँग माफी मृतक तथा वेपता पारिएका व्यक्ति तथा परिवारको स्मरणमा स्मारक निर्माण जस्ता पीडितको मर्यादा र प्रतिष्ठाको पुनःस्थापना सहितको परिपूरण सुनिश्चत गर्न,
- भविष्यमा यस्ता घटना नदोहोरिने सुनिश्चितताका लागि कानूनी र न्यायिक सूधार सहित सुरक्षा अङ्ग र प्रणालीमा पनि सुधार हुने सुनिश्चित गर्न,
- नागरिक समाजको सशक्तिकरण र मानव अधिकार शिक्षा प्रदान गर्न कार्यक्रम कार्यान्वयन गर्न पनि आवश्यक छ ।

**छ. संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी**

सूचना सङ्कलन र परिपूरण, पीडितहरूको तत्कालीन आवश्यकताको सम्वोधन र सङ्क्रमणकालीन न्यायिक प्रक्रियामा पहुँच स्थापना, बजेट विनियोज समेतका कार्यमा स्थानीय तह र प्रदेश सरकारको स्पष्ट भूमिका रहेको हुँदा आवश्यक समन्वय गर्दै विद्यमान कानूनी व्यवस्था बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी कोषमा प्रदेश सरकार र स्थानीय तहबाट रकम जम्मा गर्न समेत व्यवस्था मिलाउन आवश्यक पहल गर्न ।

**ज. पीडितको पहिचान र अभिलेख**

विस्तृत शान्ति सम्झौता भएको करिब दुई दशक पूरा हुन लागेपनि हालसम्म सबै पीडितको पहिचान हुन नसकेको हुँदा सबै पीडितको पहिचान अभिलेखीकरण र पञ्जीकरणको कार्य तत्काल अघि बढाई पीडकको पहिचान भए वा नभएपनि पीडितको पहिचान गरी उनीहरूको परिपूरणसम्बन्धी अधिकारको सुनिश्चित गर्न।

### झ. अर्थपूर्ण परामर्श, सहभागिता र प्रतिनिधित्व

सङ्क्रमणकालीन न्यायिक प्रक्रियाको वैधताका प्रमुख आधार पीडितसँगको परामर्श, सहभागिता सहितको अर्थपूर्ण प्रतिनीधित्व, पीडितिभित्रको अन्तरक्षेदन (intersectionality) र विविधताको संबोधन भएपनि हालसम्म यस्तो कार्य हुन नसकेको हुँदा यस प्रक्रियामा पीडितहरूको विविधतालाई समेटी उनीहरूको अर्थपूर्ण परामर्श, सहभागिता र प्रतिनीधित्वको सुनिश्चित गर्न गराउन,

## ४ मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धमा

- आवधिक योजना (१६औ पञ्चवर्षिय योजना) मा सामाञ्जस्यता हुनेगरी मानव अधिकार राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरे बमोजिमका कार्यक्रमका लागि बजेट सहितको प्रतिबद्धता तथा सङ्घीय, प्रदेश तथा स्थानीय तह समेतले बनाउने योजनामा मिलाएर कार्यान्वयन हुने व्यवस्था गर्न गराउन,
- राज्यका नीति निर्देशक सिद्धान्तको रूपमा व्यक्त गरिएका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई प्रगतिशिल अनुभूती (progressive realization) को सिद्धान्त अनुकुल हुने किसिमले कार्यान्वयन गर्नका लागि आवश्यक बजेट तथा अन्य स्रोतको व्यवस्था गर्न,
- मानव अधिकार राष्ट्रिय कार्ययोजनाको निर्माण तथा कार्यान्वयनमा युवा (Youths) को सहभागिता हुने किसिमले मस्यौदाको चरणदेखि नै आवश्यक व्यवस्था गर्न गराउन,
- मानव अधिकार राष्ट्रिय कार्ययोजना मस्यौदाको चरणदेखि प्रदेश तथा स्थानीय तहहरूलाई पनि सहभागिता गराउँदै प्रदेश तथा स्थानीय तह समेतबाट कार्ययोजनाका क्रियाकलापहरूको कार्यान्वयनमा बजेट विनियोजनको व्यवस्था मिलाउन,
- कार्ययोजना कार्यान्वयनका लागि राजनीतिक तहको (सङ्घमा प्रधानमन्त्री, प्रदेशमा मुख्यमन्त्री, जिल्लामा समन्वय प्रमुख, स्थानीय तहमा प्रमुख/अध्यक्ष संयोजक रहने गरी) निर्देशक समिति र कार्यक्रम कार्यान्वयनको लागि प्रशासनिक तह कार्यान्वयन समितिको आवश्यकता देखिएकोले सोही अनुसार व्यवस्था हुन,
- स्थानीय तहमा न्यायिक समितिलाई मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्था अनुगमन गर्ने व्यवस्था गर्न गराउन,
- राष्ट्रिय कार्ययोजनाले प्रदेश तथा स्थानीय तहको क्षेत्राधिकार पहिचान सहित सबै तहको अपनत्व हुनेगरी संरचनात्मक व्यवस्था समेत कार्ययोजनामा नै व्यवस्था गर्न।

### ५ विकास र मानव अधिकार

- सबै किसिमका विकासलाई मानव केन्द्रित बनाउँदै सहभागिता, समतामुलक विकास, अविभेद तथा उपलब्ध प्राकृतिक सम्पति तथा स्रोतमा स्थानीय नागरिकको पहुँच स्थापित हुने किसिमले विकासमा मानव अधिकारमुखी पद्धतिको अनिवार्य अवलम्बन गर्न गराउन,
- भौतिक विकासका योजनाहरू (सबै किसिमका सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था, सडक, नागरिकका दिनानुदिनका सेवा प्रवाह गर्न निकायहरूका भवनहरू तथा अन्य विकासका योजना) को कार्यान्वयन गर्दा विकास प्रक्रिया नै पूरा नहुदै विपद निम्तिन सक्ने जोखिमलाई मध्यनजर गर्दै मानव अधिकारमैत्री विकासमा जोड दिन, साथै जमीनको अवस्थितिको लेखाजोखा तथा भौगर्भिक अध्ययन पश्चात विपद जोखिम निम्तिन सक्ने स्थानमा औजार (विशेषगरी डोजर) को प्रयोगलाई निरूत्साहित गर्न गराउन,
- दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा उपलब्धि देखिने किसिमले तीनै तहका सरकारले काम गर्न गराउन,
- विकास आयोजनाका कारण हुने गरेको घरवार बिहिनता तथा आन्तरिक विस्थापनलाई संवोधन गर्न र कोही पनि व्यक्तिलाई विकास आयोजनाका कारण विस्थापीत तथा घरबार बिहिन हुन नदिनका लागि आवश्यक नीतिगत व्यवस्था गरी तत्काल कार्यान्वयनमा ल्याउन,
- सुकुम्बासी तथा भूमिहीन नागरिकको अधिकार उलङ्घन हुन नदिने वातावरण सिर्जना गर्नका लागि आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ५ (४) को प्रक्रियाको परिपालना तथा United Nations Basic Principles and Guidelines on Development base Evictions and Displacement को अनुच्छेद २१ ले निर्दिष्ट गरेको व्यवस्थाको परिपालना भएको सुनिश्चित गर्न गराउन,
- भौतिक विकासका क्रियाकलाप/परियोजनाको योजना निर्माणकै चरणदेखि नै परियोजनासँग सम्बन्धित सरोकारवालाहरूको सहभागितामा पहुँचयुक्त र मानव अधिकारमैत्री संरचना निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गरी सबै किसिमका संरचनाहरू पहुँचयुक्त बनाउन,
- विकास आयोजनाहरू समयमा नै सम्पन्न हुने किसिमको वातावरण तयार गरी विकासको प्रतिफल तत्काल पाउने कुराको सुनिश्चितता गर्न,
- विकासको अधिकार तथा मानव अधिकार उपभोगमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्ने किसिमको शिर्षकमा विनियोजित बजेटलाई रकमान्तर गरि अर्को कार्यमा लगाउने कुरालाई तत्काल रोक्न,

- सडक दुर्घटनाबाट वर्षेनि ठुलो धनजनको क्षति व्यहोर्नु परिरहेको परिप्रेक्षमा सडकको चौडाइ तथा गुणस्तरका मापदण्डको अनिवार्य पालना गर्न, सडक सुरक्षा अभिवृद्धि र दुर्घटना न्यूनीकरणका लागि तत्काल कार्य प्रारम्भ गर्न,
- आन्तरिक विस्थापन घटाउने, वातावरणीय सन्तुलन कायम गर्न, वायु प्रदुषणलाई घटाउने तथा स्वच्छ हावाको अधिकार, आदिवासी जनजातीहरूको अधिकारसम्बन्धी घोषणापत्र तथा आइएलओ महासन्धिले निर्दिष्ट गरे अनुरूप स्वतन्त्र, पुर्व, सुसूचित सहमति लिने व्यवस्था कार्यान्वयन गर्न कार्यविधि/ऐन जारी गरि कार्यान्वयन गर्न गराउन,
- विकास आयोजनाको कार्यान्वयन गर्न सन्दर्भमा जग्गा प्राप्ति ऐन, २०३४ ले निर्दिष्ट गरेको मूल्याङ्कन/क्षतिपुर्ति निर्धारण समितिको संरचनामा पीडित समेतको सहभागिता रहने तथा नेपालको संविधानले प्रदान गरेका सम्पत्तिको हक, आदिवासी जनजातीको हक लगायतको सम्मान र संवोधन हुने गरी ऐनमा आवश्यक संसोधन गर्न गराउन,
- विकासमा मानव अधिकारका मापदण्डहरू समेटिने गरी नीति बनाउने, विकासको कार्यान्वयन गर्दा कसैको पनि मानव अधिकार उल्लङ्घन नहुने वातावरणको सुनिश्चित गर्न गराउन ।

## ६ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र तथा राष्ट्रिय मानव अधिकार संस्थाहरू

- आवधिक रूपमा सन्धिजनित निकायमा बुझाउनुपर्ने प्रतिवेदनहरू (नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी समिति, यातना विरुद्धको अधिकारसम्बन्धी समिति लगायत) लामो समयदेखि पेश हुन नसकेकोले प्राथमिकताका साथ आवधिक रूपमा नै प्रतिवेदन पेश गर्न,
- प्रदेश तथा स्थानीय तहहरू समेतलाई अन्तर्राष्ट्रिय मानव अधिकारको प्रतिबद्धता र दायित्वको सम्बन्धमा क्षमता विकासका कार्यक्रम मार्फत विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन तथा मानव अधिकारप्रतिको दायित्व बोध गराइ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा काम गर्न उत्प्रेरित गर्न गराउन,
- अन्तर्राष्ट्रिय दायित्व अन्तर्गत मानव अधिकार संयन्त्रहरूका सिफारिस कार्यान्वयन तथा नेपाल पक्ष राष्ट्र रहेका सबै महासन्धिको कार्यान्वयन अवस्था सम्बन्धमा तीनै तहका सरकारले गरेको कार्यान्वयन अवस्थाको एकिकृत अनुगमन गर्न तथा कार्यान्वयन गर्न निकायहरूले प्रतिवेदन पेश गर्न तथा अन्तर्राष्ट्रिय दायित्व अन्तर्गतमा प्रतिवेदनहरू आवधिक रूपमा पेश गर्न (National Mechanism for reporting, implementation and Follow up) विशेष राष्ट्रिय संयन्त्रको स्थापना गर्न,

- मानव अधिकारका मुख्य महासन्धीहरूको कार्यान्वयन अवस्था सम्बन्धमा खण्डिकृत तथ्याङ्क राख्ने कार्यका लागि पनि विशेष संयन्त्रलाई जिम्मेवारी दिन,
- मानव अधिकारको अन्तर्राष्ट्रिय दायित्व अन्तर्गत मानव अधिकार संयन्त्रबाट सिफारिस भइआएका तथा महासन्धिसँग सामाञ्जस्यता ल्याउन निर्माण/संसोधन गर्नुपर्ने कानूनहरूको निर्माण/संसोधनलाई प्राथमिकताका साथ अगाडि बढाउन,
- राष्ट्रिय मानव अधिकार आयोगको नियुक्ति प्रक्रिया सम्बन्धमा पेरिस सिद्धान्तले निष्दिष्ट गरे अनुसारको मापदण्डको पालनाका लागि आवश्यक व्यवस्था कानुनी रूपमा नै गर्न गराउन,
- मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरूको सिफारिस तथा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस उपर पीडितलाई प्रदान गर्नुपर्ने अन्तरिम राहत/राहत/क्षतिपूर्ति प्रदान गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मातहत रहने गरी छुट्टै कोषको स्थापना गर्न,
- राष्ट्रिय मानव अधिकार आयोग ऐनलाई पेरिस सिद्धान्त अनुकुल हुनेगरी संसोधन गर्न तथा आयोगको साङ्गठनिक संरचना नेपाल सरकारबाट स्वीकृति सहित आयोगका कर्मचारीको सेवा, शर्त सम्बन्धी व्यवस्था ऐन मार्फत नै सुनिश्चित गर्न ।

## ७ निर्वाचन र मानव अधिकार

- नागरिक शिक्षा (Civic education) र मतदाता शिक्षा (Voter education) प्रदान गर्नका लागि निर्वाचन सामाग्रीको विकास गर्दा नेपाली बाहेकका अन्य राष्ट्रभाषामा पनि विकास गर्दै नयाँ मतदाता तथा बदर मत रहेको क्षेत्र केन्द्रित हुनेगरी नियमित रूपमा मतदाता शिक्षा प्रदान गर्न गराउन,
- मतदान केन्द्रहरूको उपयुक्तता र संवेदनशिलताको हिसावले (खुला मतदान स्थल समेत) पुनरावलोकन गरी बढिमा मतदाताले ३० मिनेट हिँडेर मतदान गर्न सक्ने स्थानमा मतदान स्थल कायम गर्न,
- विदेशमा रहेका मतदान गर्न योग्य तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूलाई आगामी निर्वाचनमा मतदान गर्न अधिकार सुनिश्चित गर्न प्रविधिमैत्री निर्वाचन प्रणालीको विकासका लागि तत्काल कार्य गर्न गराउन,
- संविधानमा रहेको समानुपातिक निर्वाचन प्रणालीको व्यवस्थाको कार्यान्वयन गर्दा सबै लिङ्ग र समुदायको समावेशीता हुने गरी अनिवार्य कार्यान्वयन हुने व्यवस्था गर्न,
- मतदाता नामावली दर्ता गर्दाको क्रममा नै मतदाताको खण्डिकृत तथ्याङ्क (आदिवासी जनजाती, अपाङ्गताको प्रकृति, सिमान्तिकरणमा परेको समुदाय, मुस्लिम, लोपोन्मुख समुदाय आदि) आवश्यक परेका बखत उपलब्ध हुनेगरी मतदाता नामावली सङ्कलन गर्न प्रवन्ध गर्न, दर्ता भएका मतदाताको

नामावलीमा भएको त्रुटी सच्याउँदै दोहोरो मतदाता नामावली तथा मृत्यु भएका व्यक्तिको नामावली मतदाता सूचीबाट हटाउने सम्बन्धमा कार्य गर्न, साथै मतदाता नामावलीलाई जिल्ला प्रशासन कार्यालयमा रहने व्यक्तिको वैयक्तिक विवरण, तथा स्थानीय पञ्जिकाधिकारीले गर्न बसाई सराईजस्ता घटनाको दर्तासँग पनि सम्बन्ध स्थापित गर्न ।

**८ सेवा प्रवाह र मानव अधिकार**

**क. सार्वजनिक सेवा प्रवाह र मानव अधिकार**

- नागरिकलाई प्रदान गरिने सार्वजनिक सेवालाई नागरिकको नजिकमा लैजादै सेवा प्रवाहको ढाँचा निर्धारण गर्दा नागरिकको सहभागितामा निर्धारण गर्न गराउन,
- वस्तु तथा सेवाको गुणस्तर सुनिश्चित गर्दै नागरिकलाई दैनिक आवश्यकताका वस्तु र सेवालाई सहजै उपलब्ध हुने व्यवस्था गर्न गराउन,
- उपभोग्य वस्तु तथा सेवा उत्पादन र वितरण भए नभएको अनुगमन गरी उपभोग्य वस्तुको उपलब्धता नागरिकको पहुँच र गुणस्तर कायम गर्दै सेवा प्रवाहमा अवरोध सिर्जना नहुने , किसिमले कार्यगर्न गराउन,
- आधारभूत सेवाहरू जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, सामाजिक सुरक्षा लगायतमा नागरिकको समान तथा समतामुलक पहुँच स्थापित गर्न गराउन,
- हरेक किसिमका सेवा प्रवाह गर्न कार्यालयलाई नागरिक बडापत्रको पूर्ण कार्यान्वयन गर्न आवश्यक कार्य गर्न गराउन,
- राज्यबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न गराउन,
- जोखिममा रहेका तथा पछाडि परेका समुदाय लक्षित कार्यक्रममार्फत उनीहरूलाई सशक्तिकरण गरी मूलप्रवाहीकरण गर्न,
- Digital Governance लाई स्थानीय तहसम्म नै सुदृढ बनाउने जसका लागि देशभरीको , इन्टर्नेट सेवालाई द्रुत बनाउन।
- सबै सेवा प्रवाह डिजिटल माध्यमबाट हुने व्यवस्था मिलाउन,

- व्यवसाय र मानव अधिकारको कार्ययोजनाको कार्यान्यवन तथा व्यावसायिक क्षेत्रलाई मानव अधिकार प्रतिको दायित्वमा उत्तरदायी बनाउन ।

©